गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि तथा पशु विकास कार्यालय, मुस्ताङ

जोमसोम

ईमेल :-
akcjomsom@gmail.com/vhl.mustang@gmail.com
फोन नं. :- ०६९-५९०००६

पत्र संख्या: २०८३/८४

चलानी नं. :

आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२८

कृषि तथा पशु विकास कार्यालय, मुस्ताङको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न ईच्छुक मुस्ताङ जिल्ला भित्रका कृषि फर्म, कृषि कम्पनी, कृषि समूह तथा सहकारी संस्थाले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा कार्यक्रमको विस्तृत प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

क.कृषि शाखा तर्फ

क.सं.	कार्यक्रमको नाम	अधिकतम अनुदान (प्रतिशतमा)	परिमाण/ एकाइ	बजेट रु. हजारमा	मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु)
१	फलफूल बगैंचा सुदृढीकरण तथा क्षेत्र विस्तार कार्यक्रम	५०-९०	३ पटक	३९००	कृषि फर्म/कम्पनीको हकमा ३ रोपनी र कृषक समूह वा सहकारी संस्थाको हकमा १० घरधुरी, ३० रोपनी हुनुपर्ने ।
२	उच्च घनत्व प्रविधिमा आधारित फलफूल विकास कार्यक्रम	५०	५० रोपनी	५०००	कृषि फर्म/कम्पनीको हकमा १ रोपनी क्षेत्रफल र कृषक समूह वा सहकारी संस्थाको हकमा १० घरधुरी वा १० रोपनी हुनुपर्ने ।
३	प्राङ्गारिक मल वितरण कार्यक्रम	५०	१ पटक	१०००	कृषि फर्म/कम्पनी/कृषक समूह वा सहकारी संस्था मार्फत संचालन हुने।
४	रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम	५०-९०	२ पटक	१०००	कृषक समूह/सहकारीको हकमा ७ घरधुरी, ३० रोपनीमा साथै संलग्न प्रत्येक घरधुरीले २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै क्लस्टरमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ ।
५	समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम	५०	१५ हेक्टर	१९५०	कृषि फर्म/कम्पनीको हकमा २० रोपनी र कृषक समूह/सहकारीको हकमा १० घरधुरी,३० रोपनीको क्लस्टरका साथै संलग्न प्रत्येक घरधुरीले १ रोपनीमा खेती गर्नुपर्नेछ ।
६	कृषि उद्यम विकास कार्यक्रम	५०	१ पटक	१०००	कृषि फर्म/कम्पनी/कृषक समूह वा सहकारी संस्थाले कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकेजिङ तथा प्रशोधन सम्बन्धी कार्य संचालन गर्नुपर्नेछ ।
७	लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम	५०-९०	१ पटक	५००	कालीगण्डकी कोरिडोरसँग सम्बन्धित स्थानीय तहका कृषि फर्म,कृषि कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत कार्यक्रम संचालन हुने ।

कृ. कार्यालय प्रमुख

गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि तथा पशु विकास कार्यालय, मुस्ताङ

जोमसोम

पत्र संख्या: २०८३/८४

चलानी नं.:

ईमेल :-
akcjomsom@gmail.com/vhl.mustang@gmail.com
फोन नं. :- ०६९-५९०००६

ख.पशु विकास शाखा तर्फ

क्र.स.	कार्यक्रम	आवेदक	कुल बजेट रु /बजेटको सिमा	कार्यक्रमको लक्ष्य	आवश्यक न्यूनतम पुर्वाधार तथा मापदण्ड
१.	पशु आहारा खरिद तथा ढुवानीमा अनुदान (हे/साईलेज/टिएम आर)	कृषि फार्म/समुह/ समिति/ सहकारी	६ लाख	१ पटक	पशु आहारा खरिद तथा ढुवानीमा अनुदान कार्यक्रम संचालन मापदण्ड-२०८१
२.	उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम(पश्मिना/उन)	समुह/ समिती/ सहकारी संस्था	७ लाख	१ पटक	ऊन तथा पश्मिना उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड -२०८२
३.	घुम्ति गोठ संरक्षण कार्यक्रम	समुह/समिति/ सहकारी संस्था	१२ लाख	३ पटक	स्थानीय पशुपन्छी संरक्षण कार्यक्रम संचालन मापदण्ड २०७७ अधिकतम ९० प्रतिशत सम्म लागत साझेदारीमा
४.	स्थानीय पशुपन्छी संरक्षण कार्यक्रम संचालन	समुह/समिति सहकारी संस्था/ स्थानिय तह वा शिक्षण संस्था	४ लाख	१ पटक	स्थानीय पशुपन्छी संरक्षण कार्यक्रम संचालन मापदण्ड २०७७ अधिकतम ९० प्रतिशत सम्म लागत साझेदारीमा
५.	लुलुगाई संरक्षण कार्यक्रम	समुह/ समिति /सहकारी संस्था /स्थानिय तह वा शिक्षण संस्था	१२ लाख	३ पटक	स्थानीय पशुपन्छी संरक्षण कार्यक्रम संचालन मापदण्ड, २०७७ अधिकतम ९० प्रतिशत सम्म लागत साझेदारीमा

आवश्यक कागजातहरु

१. निर्दिष्ट ढाँचा अनुसारको परियोजना प्रस्ताव र सम्बन्धित मापदण्डमा उल्लेखित कागजात ।
२. सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।
३. व्यक्तिगत फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, पान/भ्याट दर्ता प्रमाण पत्र र नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
४. कृषक समूह, समिति, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितिको बैठक निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि,Pan/Vat दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र ।
५. सम्बन्धित स्थानीय तहको कृषि शाखा/पशु सेवा शाखा/वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरोपना नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र ।
६. जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता आलु र रैथाने बालीको हकमा न्यूनतम ५ वर्ष र फलफूल बालीको हकमा न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।
७. थप अन्य कागजात सम्बन्धित मापदण्ड र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी स्वीकृत कार्यविधि अनुसार हुनुपर्नेछ ।

थप जानकारीको लागि सम्पर्क:

०६९-५९०००६ (कृषि तर्फः ९८५७६५७१५८, पशु तर्फः ९८५७६५११२१) साथै कार्यालयको वेवसाइट www.akcmustang.gandaki.gov.np मा समेत हेर्न सकिनेछ।

कार्यालय प्रमुख